२०८१-१२-०५

www.souryaonline.com सौर्य दैनिक

## नेपाल सरकार
## वन तथा वातावरण मन्त्रालय
### सार्वजनिक सूचना

**कर्णाली प्रदेश सुर्खेत जिल्लाको पञ्चपुरी नगरपालिका वार्ड नम्वर ६ र ८ मा पञ्चपुरी नगरपालिकाको औद्योगिक ग्राम निर्माण आयोजनाको वातावरणीय प्रभाव अध्ययन (EIA) प्रतिवेदनमा राय सुझावको लागि आह्वान गरिएको छ।**

***प्रथम पटक प्रकाशित मिति : २०८१/१२/०५***

श्री पञ्चपुरी नगरपालिकाले कर्णाली प्रदेश सुर्खेत जिल्लाको पञ्चपुरी नगरपालिका वार्ड नम्वर ६ र ८ मा पञ्चपुरी नगरपालिकाको औद्योगिक ग्राम निर्माण आयोजनाको वातावरणीय प्रभाव अध्ययन (EIA) प्रतिवेदन पेश गरेको छ।

प्रस्ताव अनुसार उद्योगले कर्णाली प्रदेश सुर्खेत जिल्लाको पञ्चपुरी नगरपालिका वार्ड नम्वर ६ र ८ रहेको मौरीडाँडा र सिद्धेश्वरी समादायिक वन क्षेत्रको १०.४४ हेक्टर वन क्षेत्रको प्रयोग गरी न्यूनतम ७८६ मिटर र अधिकतम ८,१०८ वर्गमिटर (कूल ६४,७७८.५१ वर्गमिटर) का औद्योगिक प्लटहरु निर्माण गरी फलफूलको जुस, मह प्रशोधन, मासुजन्य प्रशोधन, कुचो, दुग्धजन्य, कंक्रिट ब्लक काठ फर्निचर तेल/पिठो तथा चामल र खाद्यन्न प्रशोधन लगायतका उद्योगहरु रहने प्रस्ताव गरिएको छ।

प्रस्तावित आयोजना सञ्चालन चरणमा कूल Built up area ६४,७७८.५१ वर्गमिटरमध्ये १,३८९.७४ वर्गमिटर प्रशासनिक भवनहरु बन्नेछन् भने बाँकी क्षेत्रफलमा औद्योगिक प्लट, दमकल स्टेशन लगायत अन्य संरचना वन्ने प्रस्ताव गरिएको छ। सञ्चालन चरणमा प्रतिदिन ७५,००० लिटर पानी प्रयोग हुने र ३०० देखी ३५० किलोग्रामसम्म फोहोर निष्काशन हुने अनुमान गरिएको छ।

बातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम प्रस्तावित वातावरणीय अध्ययन प्रतिवेदनमा राय सुझाव सङ्कलन गर्नाको लागी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन तथा वन तथा वातावरण मन्त्रालयको **WebSite : www.mofe.gov.np** मा समेत सार्वजनिक गरिएको छ। यस प्रतिवेदनमा सरोकारवालाको उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझावहरुलाई समेत ध्यानमा राखिनेछ। उक्त प्रतिवेदन सम्वन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो राय सुझाव सम्बन्धित प्रस्तावकलाई वा निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरु :**

श्री उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौं।
श्री उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं।
श्री पुस्तकालय, सङ्घीय संसद् सचिवालय, सिंहदरबार, काठमाडौं।
श्री जिल्ला समन्वय समितिको कार्यालय, विरेन्द्रनगर, सुर्खेत।
श्री पञ्चपुरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बाबियाचौर, पञ्चपुरी, कर्णाली प्रदेश।

**राय सुझाव पठाउने ठेगाना :**

वन तथा वातावरण मन्त्रालय, वातावरण प्रभाव अध्ययन शाखा, सिंहदरबार, काठमाडौं।
फोन नं. ०१-४२११५६७, ४२११६३८ फ्याक्स नं. ०१-४२११८६८ Email : info@mofe.gov.np